SURYA NEPAL
PRIVATE LIMITED
ENDURING VALUE FOR ALL STAKEHOLDERS

मितिः २०७४।११।०२

श्रीमान् निर्देशक ज्यू,

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र,

टेकु, काठमाण्डौ ।

विषय : **सूर्तिजन्य पदार्थको प्याकेजिङ्गमा सन्देशमूलक चित्र छाप्ने सम्बन्धमा** ।

महोदय,

उपरोक्त विषयमा सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, खोल, बण्डल तथा पार्सल र प्याकेजिङ्गमा सन्देशमूलक चित्र छाप्ने निर्देशिका, २०७१ को कार्यान्वयन गर्ने सम्बन्धमा तहाँ केन्द्रबाट उद्योग विभागलाई मिति २०७४।१०।०३ का दिन लेखिएको पत्रका सम्बन्धमा यो पत्र लेखिएको व्यहोरा जानकारी गराउँदछौं । उक्त निर्देशिका कार्यान्वयनका सम्बन्धमा दायर गरिएको मुद्दा सम्मानित सर्वोच्च अदालतमा विचाराधिन रहेको व्यहोरा अनुरोध छ । निर्देशिका कार्यान्वयन सम्बन्धी सम्माननीय प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयको पत्र संख्या डि.एन. ६१-२०७१/७२/५८९०, मिति २०७२।०२।२९ को पत्रलाई उदृत गर्दै यससँग सम्बन्धित सम्पूर्ण सरोकारवालाहरु (विज्ञ समेत) लाई राखी छलफल गरी जनस्वास्थ्यको प्रबर्द्धन, उद्योग धन्दा लगायत कृषकहरुको रोजगारी तथा जिविकोपार्जन र वैकल्पिक आयश्रोतलाई समेत नीति कार्यान्वयनको अभिन्न अंग बनाउने सम्वन्धमा छलफल गरी निर्णयमा पुगनका लागि सम्मानित सर्वोच्च अदालतले मिति २०७४।०७।१५ का दिन स्वास्थ्य मन्त्रालयको नाममा आदेश जारी गरेको थियो । अदालतको आदेश अनुसार विज्ञ सहितका सरोकारवालाहरुसँग छलफल गर्नका लागि एउटा समिति गठन गर्नुपर्ने हाम्रो बुझाइ रहेको छ । यस



Reg. Office: Surya Nepal Pvt. Ltd. Shree Bal Sadan, 1870 Kantipath, Post Box 1864, Kathmandu, Nepal. Tel 4248260, 4220658, 4220909. Fax 977-1-4227585. Email corporate@snpl.com.np

Scanned by CamScanner

SURYA NEPAL
PRIVATE LIMITED
ENDURING VALUE FOR ALL STAKEHOLDERS

सन्दर्भमा हामीले स्वास्थ्य मन्त्रालय र उद्योग मन्त्रालयलाई सम्बन्धित सरोकारवालाहरुको सहभागीतामा छलफल आयोजना गर्नका लागि अनुरोध गरिसकेको छौं ।

यसका अतिरिक्त, उद्योग धन्दाको नियामक निकाय उद्योग विभाग लगायतले नयाँ निर्देशिकाको कार्यान्वयन सम्बन्धमा पूनर्विचार गर्नका लागि स्वास्थ्य मन्त्रालय लगायत अन्य सरकारी निकायहरुलाई समेत अनुरोध गरेको तर्फ तहाँको ध्यानाकर्षण गराउन चाहन्छौं ।

माथि उल्लेखित तथ्यहरुलाई विचार गरी उक्त निर्देशिकाको कार्यान्वयनसँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न सरोकारवालाहरुका मुद्दाहरुलाई सम्बोधन गर्नेगरी निर्देशिका कार्यान्वयन सम्बन्धी निर्णयका सम्बन्धमा विचार गर्नका लागि पुनः अनुरोध गर्दै राज्यबाट निर्मित कानून कार्यान्वयनमा हामी सधैं प्रतिबद्ध रहेको समेत सादर निवेदन गर्दछौं ।

भवदीय,

Surya Nepal Pvt. Ltd. Kathmandu

सूर्य नेपाल प्रा.लि. का लागि



Scanned by CamScanner